युनेस्कोद्वारा कञ्चनजङ्गामा जैविक विविधतासम्बन्धी दुई दिने कार्यशाला

आर्थिक संवाददाता
काठमाडौं, कात्तिक १७

कञ्चनजङ्घा संरक्षण क्षेत्रमा जैविक विविधता संरक्षणका लागि सामुदायिक संलग्नतामा केन्द्रित कुन्मिङ जैविक विविधता कोष परियोजनाको दुई दिने कार्यशाला फुङ्लिङमा सम्पन्न भएको छ ।

कार्यशाला आठ महिनासम्म सञ्चालन भएको थियो । कार्यशालाले हिउँ चितुवा र रेडपाण्डाजस्ता लोपोन्मुख प्रजातिहरूको घर रहेको महत्वपूर्ण जैविक विविधता हटस्पट कञ्चनजङ्घा संरक्षण क्षेत्रको सुरक्षाका लागि आधुनिक प्रविधि र आदिवासी ज्ञानलाई सफलतापूर्वक सदुपयोग गरेको जनाइएको छ । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ नेपाल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् र समृद्ध पहाडसँगको सहकार्यमा युनेस्कोद्वारा कार्यान्वयन गरिएको यस परियोजनाले स्थानीय सरोकारवालाहरूलाई सशक्त बनाउनमा ध्यान केन्द्रित गरेको थियो ।

परियोजनाको मुख्य उपलब्धि भनेको आदिवासी जनता र स्थानीय समुदायको विशेषज्ञताका साथ आधुनिक वैज्ञानिक अनुगमन उपकरणहरूको सफल एकीकरण थियो । यसमा समुदाय-नेतृत्वको जैविक विविधता अनुगमन प्रणाली स्थापना गर्नका लागि ट्रेल क्यामेरा र जीपीएस उपकरणहरूको स्थापना पनि समावेश छ । यी उपकरणहरू जडान गर्नुपूर्व, फुङ्लिङमा व्यावहारिक तालिमसहित क्षमता विकास कार्यशालाहरू आयोजना गरिएका थिए । 'प्रकृति संरक्षणमा हामी सबैको भूमिका छ र हामीले त्यो निर्वाह गर्नैपर्छ । कञ्चनजङ्घा संरक्षण क्षेत्रलाई नेपालको 'बायोस्फियर रिजर्भ' घोषणा गरेर मात्र हामी हाम्रा प्राकृतिक स्रोतको दिगो सुरक्षा गर्न सक्छौं । सामूहिक प्रयासले यो सम्भव छ, हामी त्यसका लागि पूर्णरूपमा तयार छौं', कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का अध्यक्ष खगेन्द्र फेम्बू लिम्बुले भने ।

सुरूदेखि नै संरक्षणको नेतृत्व गर्दै आएका स्थानीय समुदायलगायत सरोकारवालाहरूसँग ट्रेल क्यामेरा अनुगमनबाट प्राप्त नतिजा र ग्रिन लिस्ट मापदण्डहरूसँगको मूल्याङ्कनलगायत परियोजनाका मुख्य उपलब्धिहरू कार्यशालामा प्रस्तुत गरिएको थियो । कार्यशालामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्जस्ता सरोकारवालाहरूलाई परियोजनाको नतिजा प्रमाणीकरण र सामूहिकरूपमा व्यावहारिक, सरोकारवाला-सञ्चालित सिफारिसहरू तयार गरिएको थियो । यी सिफारिसहरूले कञ्चनजङ्घा संरक्षण क्षेत्र लागि आईयुसीएन ग्रिन लिस्ट र युनेस्को बायोस्फियर रिजर्भजस्ता सम्भावित अन्तर्राष्ट्रिय मान्यता सुरक्षित गर्ने दीर्घकालीन दृष्टिकोणलाई समर्थन गर्छन् । कार्यशालाको दौरानमा नेपालमा जैविक विविधता संरक्षण शिक्षालाई प्रवर्द्धन गर्न तयार गरिएको माध्यमिक विद्यालय तहका लागि एउटा स्रोत पुस्तिका (व्यावहारिक मार्गनिर्देशन) कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई हस्तान्तरण गरिएको थियो ।

ईडीएफ-जाम्बोरीद्वारा अध्ययनका लागि नयाँ गन्तव्य प्रस्तुत

काठमाडौं, कात्तिक १७ । शैक्षिक परामर्श संस्था ईडीएफ-जाम्बोरीले नेपाली विद्यार्थीका लागि जर्मनी, फिनल्यान्ड, बेल्जियम र नेदरल्यान्डलाई रणनीतिक अध्ययन गन्तव्यका रूपमा औपचारिकरूपमा अघि सारेको छ ।

संस्थाले विश्वस्तरीय, किफायती र करियरकेन्द्रित शिक्षा खोज्ने नेपाली विद्यार्थीहरूको मागलाई मध्यनजर गर्दै युरोपेली शिक्षालाई परम्परागत गन्तव्यहरू जस्तै ब्रिटेन, अमेरिका र अस्ट्रेलियाका विकल्पका रूपमा यी देशहरूलाई स्थापित गर्ने लक्ष्य लिएको जनाएको छ । ईडीएफ-जाम्बोरीका अनुसार युरोप अहिले विश्वकै सबैभन्दा पहुँचयोग्य र मूल्य-केन्द्रित शिक्षा गन्तव्य बनेको छ । हाल विद्यार्थीहरू डिग्रीभन्दा बढी आर्थिक दिगोपनासहित अन्तर्राष्ट्रिय अनुभव र अध्ययनपछिका अवसरको खोजीमा छन् । यसका लागि युरोप अत्यन्त सहज भएको संस्थाले जनाएको छ । संस्थाका अनुसार हालसम्म पाँच हजारभन्दा बढी विद्यार्थीहरूलाई सफलरूपमा विश्वका पाँच सयभन्दा बढी विश्वविद्यालयमा पठाइएको छ । भिसा स्वीकृतिदर ९५ प्रतिशत रहेको दाबी गर्दै ईडीएफ-जाम्बोरीले नेपालको शिक्षा परामर्श क्षेत्रमा अग्रस्थान कायम राखेको जनाएको छ ।

संस्थाका अनुसार जर्मनीले सार्वजनिक विश्वविद्यालयहरूमा ट्युसन-मुक्त शिक्षा प्रदान गर्दै प्रत्येक सेमेस्टरमा करिब २००-३५० युरो मात्रै मात्र शुल्क लिने बताइएको छ । विद्यार्थीहरूलाई १८ महिनासम्म अध्ययनपछिको कार्य भिसा उपलब्ध हुन्छ, जसअन्तर्गत उनीहरूले बीएमडब्लू, साइमेन, सापजस्ता बहुराष्ट्रिय कम्पनीमा अवसर पाउन सक्नेछन् ।

फिनल्यान्ड जुन विश्वकै 'सबैभन्दा खुसी देश' मानिन्छ, यहाँ वार्षिक छ हजारदेखि १८ हजार युरो शुल्कसहितका कार्यक्रम र दुई वर्षको पोस्ट-स्टडी वर्क परमिट उपलब्ध छन् । प्राविधिक नवप्रवर्तन, गेमिङ, डिजाइन र दिगो विकास क्षेत्रमा देश अग्रणी मानिन्छ । बेल्जियम, जुन युरोपेली संघको मुख्यालय पनि हो, यसमा सार्वजनिक संस्थानहरूले ८३५-४,१७५ युरोसम्मको शुल्क लिन्छन् । अंग्रेजी, फ्रेन्च र डच भाषामा कार्यक्रमहरू पढ्न सकिनेछ भने स्नातकपछि १२ महिनाको रोजगार खोजी भिसा पनि प्रदान गरिन्छ । नेदरल्यान्डले छ हजारदेखि १५ हजार युरो वार्षिक शुल्कमा दुई हजार एक सयभन्दा बढी अंग्रेजी कार्यक्रमहरू उपलब्ध गराएको छ ।

लुम्बिनी लायन्स एन्थम सार्वजनिक

काठमाडौं, कात्तिक १७ । लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपीएल)को संघारमा आफ्नो अफिसियल एन्थम् (गीत) 'स्याबास !' सार्वजनिक गरेको छ । बुद्ध दर्शन र खेललाइ एउटै विम्बमा उनिएको यो कवितात्मक एन्थममा नवराज पराजुलीको शब्द र स्वर रहेको छ । यो एन्थम मुख्यतः दर्शकको भावबाट लेखिएको सर्जक नवराज पराजुलीले बताए । मैदानमा हुने ११ जना खेलाडीजस्तै मैदानबाहिरका दर्शक पनि खेलमा होमिएका हुन्छन् । ती दर्शकलाई बाह्रौं खेलाडीको रूपमा एन्थममा समेटिएको छ ।

सर्जक पराजुली भन्छन्, जब लुम्बिनी लायन्सको खेल भइरहेको हुन्छ, त्यसबेला दर्शकहरूले आफ्नो टिमलाई जे भन्न मन लाग्छ, एन्थममा ती पङ्क्तिहरू समेटिएका छन् ।' बुद्ध दर्शनमा भएको ध्यान र स्वासको महानतालाई खेलको भाषामा एन्थममा प्रस्तुत गरिएको छ । एन्थमको संगीत संयोजन उज्वल सागरले गरेका हुन् भने लिरिकल भिडियोको निर्माण विवेक निशानीले गरेका छन् । एनपीएलको ट्रफी टुरको क्रममा लुम्बिनीमा भएको विशेष कार्यक्रममा सो एन्थम सार्वजनिक गरिएको हो ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क, अर्घाखाँची

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/०७/१८

यस कार्यालयबाट मिति २०८२/०५/०५ गते PPMO को web portal www.bolpatra.gov.np/egp तथा मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित सूचना नं. SSDRP/०१/०८२/८३ बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरूमध्ये देहायका ठेक्कामा देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

सि.नं	ठेक्का नं. र निर्माण कार्यको विवरण	न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु. (भ्याट र पी.एस. सहित)
1	SSDRP/337011384/082/83/01, Road upgrading works of Chorkate -Khanadaha section (Ch: 53+740 to Ch:54+260) and Dhungade – Giddhapokhari Chowk Section (Ch: 55+030 to Ch:56+620) along Ridi-Balkot-Hansapur-Pyuthan-Surkhet Road (Deurali-Dandakateri-Hansapur Section) (NH-19) to blacktopped standard	M/S Khanal Brothers Construction, Sandhikharka, Arghakhanchi	3,37,80,607.95
2	SSDRP/337011384/082/83/02, Road upgrading works of Agerpokhari-Ratanmare (Ch:62+200 to 63+400) along Ridi-Balkot-Hansapur-Pyuthan-Surkhet Road (Deurali-Dandakateri-Hansapur Section) (NH-19) to blacktopped standard	M/S Samjhana Nirman Sewa, Sandhikharka-08, Arghakhanchi	2,27,42,519.96

योजना प्रमुख

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
चरिकोट, दोलखा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/०७/१८

यस कार्यालयबाट मिति २०८२/०५/०१ को **PPMO** को **e–procurement portal** तथा प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसारको म्याद भित्र **https://www.bolpatra.gov.np/egp** मार्फत रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित सडक आयोजना बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन २०६३ दफा २७(२) तथा जारी बोलपत्र सम्बन्धी कागजातको **ITB 33.1** बमोजिम निजहरुले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

S. N.	Project Name	Contract No.	Lowest Evaluated Responsive Bidder	Bid Price with VAT & PS, NRs.
1	Pakheragaun Upallomudi Sadak Staronnati Baiteshwor Ga. Pa. -1, Dolakha	IDODLK/W/NCB/ 21/082/083	Harka Nirman Sewa, Mirge-01 Dolakha	12,99,912.79
2	Borkhola Dhad Magartole Sadak, Baiteshwor Ga. Pa. -1, Dolakha	IDODLK/W/NCB/ 22/082/083	Blubard Nirman Sewa, Sindhuli	32,71,689.50
3	Pokhari tole Dandokhola Sadak dhalan, Baiteshwor Ga. Pa. -1, Dolakha	IDODLK/W/NCB/ 23/082/083	Blubard Nirman Sewa, Sindhuli	13,11,450.88
4	Busti Dahal tar Meldanda Sadak Staronnati, Baiteshwor Ga. Pa. -6, Dolakha	IDODLK/W/NCB/ 24/082/083	Aakris & Aakrit Construction, Bhimeshwor-06, Dolakha	11,76,255.42
5	Krishi Thadosim Patlekhola Sadak Staronnati, Bhimeshwor Na. Pa. -8 , Dolakha	IDODLK/W/NCB/ 25/082/083	Baneshwor-Mainapokhari JV, Kamalamai-5, Sindhuli	1,06,03,199.58
6	Gamnagi Thalnagi Hattichhahara Sadak Staronnati, Bhimeshwor Na. Pa. -8, Dolakha	IDODLK/W/NCB/ 26/082/083	Tridevi Construction, Manthali Ramechhap	22,86,417.92
7	Mohar Gaun dekhi Bhittaghar sammako Sadak Staronnati, Bhimeshwor Na. Pa. -8, Dolakha	IDODLK/W/NCB/ 27/082/083	Sujan Nirman Sewa, Bhimeshwor-09,Dolakha	11,62,946.51
8	Deurali, Sundrawati Prayatakiya Sadak, Bhimeshwor Na. Pa. - 1, Dolakha	IDODLK/W/NCB/ 28/082/083	Bhimeshwor Hardware Construction, Bhimeshwor-6, Dolakha	20,05,634.37
9	Gumba Danda dekhi Karki Gaun samma jane Sadak, Bhimeshwor Na. Pa. - 8, Dolakha	IDODLK/W/NCB/ 29/082/083	Bhimeshwor Hardware Construction, Bhimeshwor-6, Dolakha	13,57,117.17
10	Basnko Dil Thokpale Tindhara Sadak Staronnati, Bhimeshwor Na. Pa. - 1, Dolakha	IDODLK/W/NCB/ 30/082/083	SGK Construction, Pepsicola Kathmandu	11,94,700.52
11	Durga Ma.Bi. hudai Bhumethan Namuna Pra.Bi. jane Sadak, Shailung Ga. Pa. - 4, Dolakha	IDODLK/W/NCB/ 31/082/083	SBD Nirman Sewa, Bhimeshwor-07, Dolakha	27,85,472.31
12	Alpare Magafedi Sadak Staronnati, Shailung Ga. Pa. - 4, Dolakha	IDODLK/W/NCB/ 32/082/083	SBD Nirman Sewa, Bhimeshwor-07, Dolakha	12,94,074.42
13	Kalika Mandir dekhi Pokhare Khanda Sadak Staronnati, Melung Ga. Pa. - 2, Dolakha	IDODLK/W/NCB/ 33/082/083	Gatisil Nirman Sewa Hetauda-6, Makwanpur	15,33,282.48
14	Upallogaun Dandagaun Loktantrik Kaulekhola Sadak Staronnati, Melung Ga. Pa. - 2, Dolakha	IDODLK/W/NCB/ 34/082/083	Harka Nirman Sewa, Mirge-01 Dolakha	66,66,223.93
15	Wada Karyalaya Sadak, Tamakoshi Ga. Pa. - 4 , Dolakha	IDODLK/W/NCB/ 35/082/083	Nagbeli Construction, Manthali-01, Ramechhap	15,34,682.78
16	Thulokhola Gairigaun, Sitapaila Sadak Staronnati, Tamakoshi Ga. Pa. - 3, Dolakha	IDODLK/W/NCB/ 36/082/083	Double A. Multipurpose And Construction Pvt.Ltd, Kathmandu	37,34,388.30
17	Khawa Khudurke Hanumante Sadak Staronnati Jiri - 7, Dolakha	IDODLK/W/NCB/ 37/082/083	Baiteshwor Construction and Suppliers Pvt.Ltd, Baiteshwor-5, Dolakha	9,08,959.51
18	AaranDanda - Dobang Sadak Staronnati, Jiri Na. Pa. - 5, Dolakha	IDODLK/W/NCB/ 38/082/083	Jiri Nirman Sewa, Jiri, Dolakha	34,65,857.85
19	Prayatakiya Nagari Jiribazaar Gokuleshwor Mahadev sthan Dhungeshwori Mahadev sthan tatha Toni	IDODLK/W/NCB/ 39/082/083	S.K.Construction And Suppliers Pvt.Ltd. Jiri-04, Dolakha	11,14,031.97
20	Road & Bridge Protection works at Left bank Upstream of Rate Pul (Bhadrawati Khola) along Sunkhani Sangba Bigu Ghumba Sadak	IDODLK/W/NCB/ 40/082/083	PRK Nirman Sewa, Kathmandu	29,83,572.17

Office Chief

fonepay

नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

फोनपे पेमेण्ट सर्भिस लिमिटेड
Fonepay Payment Service Limited
रजिष्टर्ड कार्यालय, पुल्चोक, ललितपुर फोन नं. ०१-५९७००४४
Website: www.fonepay.com
E-Mail: company.secretary@fonepay.com

छैटौं बार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/०३)
(दोश्रो पटक प्रकाशित मितिः २०८२/०७/१८)

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२/०७/०२ गते सम्पन्न सञ्चालक सर्मितिको बैठकको निर्णय अनुसार यस कम्पनीको बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णयको लागी बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपर्स्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८२ साल कार्तिक २४ गते (तद्अनुसार १० नोभेम्बर २०२५, सोमबार)
स्थान : नक्साल, काठमाडौं ।
समय : साझ ५:०० बजे देखि ।

छलफल गर्ने विषयहरु :

क. साधारण प्रस्ताव :

१) बार्षिक आर्थिक विवरण र सञ्चालक सर्मितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) आ.व. २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफानोक्सान, हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३) सञ्चालक सर्मितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १९ को दरले चुक्ता पूँजीको १९ प्रतिशतले हुन आउने रु ९,७८,५०,०००.०० (अक्षररुपी नौं करोड अठहत्तर लाख पचास हजार मात्र) नगद लाभांस वितरण गर्ने सम्बन्धमा ।
४) आ.व. २०८२/८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने सम्बन्धमा ।
५) स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सम्बन्धमा ।

ख. विशेष प्रस्ताव :

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
२) सर्वसाधारणहरुलाई शेयर निष्काशन गर्ने सम्बन्धमा ।
३) माथि प्रस्ताव गरिए अनुसार प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृतिका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संसोधन/फेरबदल गर्न निर्देशन प्राप्त भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक सर्मितिलाई अख्तियारी दिने ।

ग. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

विशेष नोटः

१. सभामा भाग लिन र मतदान गर्नको लागी प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले सभा हुने दिन भन्दा ४८ घण्टा अगावै कार्यालय समयको अपरान्ह ५.०० बजे सम्ममा कम्पनीको रजिर्ष्टड कार्यालय प्रतिनिधि नियुक्त (प्रोक्सी) सम्बन्धी फारम दर्ता गरिसक्नुपर्नेछ । प्रतिनिधि नियुक्त गर्दा कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्त गर्न पाइनेछैन ।
२. विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा दुई दिन अगावै कार्यालय समय भित्र छलफलको विषय कम्पनीको अध्यक्ष मार्फत सञ्चालक सर्मितिका अध्यक्षलाई सम्बोधन गरी कम्पनीको रजिर्ष्टड कार्यालय आइपुग्ने गरी लिखित रुपमा पठाउनु पर्नेछ । त्यस्तो विषय कम्पनीसंग सम्बन्धित औचित्य हेरी छलफलका लागी समावेश गरिनेछ ।
३. कम्पनीको छैटौं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०८२ कार्तिक २१ गते (७ नोभेम्बर २०२५) शुक्रबारको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०८२ कार्तिक २१ गते (७ नोभेम्बर २०२५) भन्दा अघिल्लो दिन २०८२ कार्तिक २० गते (६ नोभेम्बर २०२५) बिहिबारसम्म शेयर बाँडफाँड भई कम्पनीको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नु हुनेछ ।